माडी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घर्तिगाउँ, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल

प.स. : २०८३/०८४
च.नं. : १६०

श्री वडा अध्यक्षज्यू (वडा कार्यालय सबै)
माडी गाउपालिका, रोल्पा।

मिति २०८३।०५।३० गते

विषय: उपभोक्ता समिति गठन तथा योजना सम्झौता सम्बन्धमा।

उपरोक्त सम्बन्धमा आर्थिक वर्ष २०८३/०८४ मा स्वीकृत **योजना तथा कार्यक्रमहरू** मध्ये **श्रम तथा सीपमूलक एवं लागत सहभागितामा सञ्चालन हुने कुल लागत अनुमान १० लाख सम्म हुने योजना तथा कार्यक्रम** कार्यान्वयन गर्न प्रचलित कानुन तथा गाउँपालिकाबाट स्वीकृत कार्यविधि बमोजिम सम्बन्धित योजना/कार्यक्रमका लाभग्राहीहरूको भेलाबाट **उपभोक्ता समिति गठन** गर्नुहुन अनुरोध छ। उपभोक्ता समिति गठन पश्चात जनप्रतिनिधि तथा उपभोक्ता समितिको रोहवरमा तोकिएका प्राविधिक कर्मचारीवाट लागत इष्टिमेट/ अनुमान तयार गरी वडा तहमा योजना सम्झौता गर्ने व्यवस्था मिलाउनुहुन अनुरोध छ।

नोट : योजना सम्झौताका लागि आवश्यक कागजातहरू

१. उपभोक्ता समिति गठनसम्बन्धी बैठकको निर्णय (माइन्युट) को प्रतिलिपि।
२. उपभोक्ता समितिको छाप।
३. उपभोक्ता समितिका पदाधिकारीको नागरिकताको प्रतिलिपि।
४. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।
५. प्राविधिक कर्मचारीवाट स्वीकृत योजना तथा कार्यक्रमको लागत इष्टिमेट / अनुमान।

....
प्रशासकीय अधिकृत
(गणेश गौतम)
गणेश गौतम
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ:
१. श्री अध्यक्षज्यू, माडी गाउँपालिका, रोल्पा।
२. श्री उपाध्यक्षज्यू, माडी गाउँपालिका, रोल्पा।
३. योजना शाखा, माडी गाउँपालिका।

"कृषि, पशुपंक्षी, जडिबुटि र दिगो पूर्वाधार, समृद्ध माडीको आधार"

Scanned with CamScanner